# निजामती कर्मचारीलाई व्यापार, व्यवसाय वा अन्य कार्य गर्न पूर्व स्वीकृति दिने सम्बन्धी मापदण्ड,२०७३

स्वीकृति प्राप्त मितिः- २०७३/०७/०८

**प्रस्तावनाः-**

निजामती कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा ४८ बमोजिम व्यापार व्यवसाय गर्न वा सोही ऐनको दफा ४९क. को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम प्रबचन दिन वा कार्यपत्र प्रस्तुत गर्न र कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न पूर्व स्वीकृति दिने सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ११७ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी सामान्य प्रशासन मन्त्रालयले यो मापदण्ड बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस मापदण्डको नाम "निजामती कर्मचारीलाई व्यापार, व्यवसाय वा अन्य कार्य गर्न पूर्व स्वीकृति दिने सम्बन्धी मापदण्ड, २०७३" रहेकोछ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "निजामती कर्मचारी" भन्नाले निजामती सेवाको पदमा कार्यरत व्यक्ति सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(घ) "सेवा सञ्चालन गर्ने मन्त्रालय" भन्नाले सेवा समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय सम्झनु पर्छ ।

३. **शर्त सहित पूर्व स्वीकृति दिन सकिनेः-** (१) प्रचलित कानुन बमोजिम दर्ता गराउनुपर्ने कुनै ब्यापार व्यवसाय गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्नेगरी पूर्व स्वीकृति दिन सकिनेछ :-

(क) कार्यालय समयभन्दा बाहिरको समयमा गर्नुपर्ने ।

(ख) कार्यालयको काममा कुनै बाधा नपर्नेगरी गर्नुपर्ने ।

(ग) प्रचलित कानून अनुसार कर तिर्नुपर्ने ।

(घ) एक पटकमा बढीमा तीन आर्थिक बर्षका लागि स्वीकृति दिन सकिने ।

(२) स्वदेश वा विदेशमा हुने कुनै कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्ने गरी पूर्वस्वीकृति दिन सकिनेछः-

(क) कार्यालयको काममा कुनै बाधा नपर्नेगरी गर्नुपर्ने ।

(ख) नेपाल सरकारको नीति बिपरित नहुनेगरी गर्नुपर्ने ।

(ग) स्वदेशमा भए एक पटकमा बढीमा तीन आर्थिक बर्षका लागि स्वीकृति दिन सकिने ।

(घ) विदेशमा हुने कार्यक्रमका लागि एक पटकमा एउटा कार्यक्रमका लागि मात्र स्वीकृति दिन सकिने ।

(ङ) आफूले प्रबचन दिएको वा कार्यपत्र प्रस्तुत गरेको विषयमा आफू कार्यरत कार्यालयमा जानकारी गराउनु पर्ने ।

(३) शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्नः-

(क) विदा स्वीकृत गराएको अवस्थामा बाहेक कार्यालय समय बाहिरको समयमा गर्नुपर्ने ।

(ख) कार्यालयको काममा कुनै बाधा नपर्नेगरी गर्नुपर्ने ।

(ग) प्रचलित कानुन बमोजिम कर तिर्नु पर्ने ।

(घ) एक पटकमा बढीमा तीन आर्थिक बर्षका लागि स्वीकृति दिन सकिने ।

४. **स्वीकृति नदिनेः-** बैंक, वित्तिय संस्था, शैक्षिक संस्था, सहकारी संस्था लगायतका कुनैपनि कम्पनीको स्थापना, सञ्चालन वा व्यवस्थापन कार्यमा संलग्न हुन ।

तर पब्लिक लिमिटेड कम्पनीबाट सार्बजनिक विक्रीका लागि खुला गरिएको शेयर खरिद गर्न सकिनेछ ।

५. **पूर्व स्वीकृति माग गर्ने प्रक्रियाः-**(१) ऐनको दफा ४८ बमोजिम व्यापार व्यवसाय गर्न पूर्व स्वीकृति लिन चाहने निजामती कर्मचारीले अनुसूची -१ मा उल्लेख भए बमोजिमको फाराम भरी निवेदनसाथ आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) ऐनको दफा ४९क. को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न र शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न पूर्व स्वीकृति लिन चाहने निजामती कर्मचारीले अनुसूची -२ मा उल्लेख भए बमोजिमको फाराम भरी निवेदनसाथ आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) निवेदनसाथ फाराम प्राप्त भए पछि सम्बन्धित कार्यालयले ऐन, नियमावली र यो मापदण्डमा उल्लेख भएका प्रावधान पालना गरी पेश भए नभएको छानविन गरी दर्ता गर्नु पर्नेछ ।

(४) निजामती सेवा (बाहौं संशोधन) नियमावली प्रारम्भ हुनुभन्दा पहिले पूर्व स्वीकृति लिएका निजामती कर्मचारीले समेत पुनः पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) पहिले पूर्व स्वीकृति प्राप्त गरी सो अवधि समाप्त भई पुनः पूर्व स्वीकृतिका लागि निवेदन पेश गर्ने निजामती कर्मचारीले यस अगाडि काम गर्दा गरेको आम्दानी वा प्राप्त भएको पारिश्रमिक र बुझाएको करको प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

६. <u>पूर्व स्वीकृति दिने निकाय र अधिकारीः</u>-(१) ऐनको दफा ४८ बमोजिम कुनै ब्यापार व्यबसाय गर्ने पूर्व स्वीकृति प्रदान गर्दा सबै प्रकारका निजामती कर्मचारीलाई नेपाल सरकार मन्त्रिपरिषदबाट ।

(२) ऐनको दफा ४९क. को उपदफा (२) को खण्ड (घ) बमोजिम स्वदेशमा हुने कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्नः-

(क) राजपत्रअंनकित र श्रणीविहीन निजामती कर्मचारीलाई सम्बन्धित कार्यालयको प्रमुखबाट ।

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीलाई सेवा संञ्चालन गर्ने मन्त्रालयको सचिवबाट ।

(ग) राजपत्रांकित प्रथम श्रेणीका निजामती कर्मचारीलाई सेवा सञ्चालन गर्ने मन्त्रालयबाट ।

(घ) राजपत्रांकित विशिष्ट श्रेणीका निजामती कर्मचारीलाई नेपाल सरकार मन्त्रिपरिषदबाट ।

(३) ऐनको दफा ४९क. को उपदफा (२) को खण्ड (घ) बमोजिम विदेशमा हुने कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्नः-

(क) राजपत्र अंनकित र श्रेणीविहीन निजामती कर्मचारीलाई सम्बन्धित मन्त्रालयको सचिवबाट ।

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीलाई सेवा सञ्चालन गर्ने मन्त्रालयको सचिवबाट ।

(ग) राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीलाई सेवा सञ्चालन गर्ने मन्त्रालयबाट ।

(घ) राजपत्रांकित विशिष्ट श्रेणीका निजामती कर्मचारीलाई नेपाल सरकार मन्त्रिपरिषदबाट ।

तर नियमावलीको नियम ४९ बमोजिम मनोनयन भई विदेश भ्रमणमा जाने निजामती कर्मचारीलाई यस्तो स्वीकृति आवश्यक पर्ने छैन ।

(४) ऐनको दफा ४९क. को उपदफा (२) को खण्ड (ङ) वमोजिम शैक्षिक प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्नः-

(क) राजपत्र अंनकित र श्रेणीविहीन निजामती कर्मचारीलाई सम्बन्धित कार्यालयको प्रमुखबाट ।

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीलाई सेवा सञ्चालन गर्ने मन्त्रालयको सचिवबाट ।

(ग) राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीलाई सेवा सञ्चालन गर्ने मन्त्रालयबाट ।

(घ) राजपत्रांकित विशिष्ट श्रेणीका निजामती कर्मचारीलाई नेपाल सरकार मन्त्रिपरिषदबाट ।

७. <u>**खारेजीः-**</u> "निजामती कर्मचारीहरुलाई व्यापार व्यवसाय वा अन्य काम गर्न स्वीकृति दिने सम्बन्धी मापदण्ड, २०६६" खारेज गरिएकोछ ।

अनुसूची -१

(दफा ५ को उपदफा (१)संग सम्वन्धित)

**निजामती सेवा ऐन, २०४९ को दफा ४८ र निजामती सेवा नियमावली, २०५० को नियम ११७ बमोजिम पूर्व स्वीकृति माग गर्दा भर्नु पर्ने फाराम**

| सि.नं. | पूर्व स्वीकृति माग गर्ने कर्मचारीको नाम | हाल कार्यरत निकाय | पद/श्रेणी | सेवा, समूह र उपसमूह | पूर्व स्वीकृति माग गरेको विषय | पूर्व स्वीकृति माग गरिएको व्यापार व्यवसायको संक्षिप्त व्यहोरा | व्यापार व्यवसाय गरिने ठेगाना | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**पहिले पूर्व स्वीकृति प्राप्त गरी व्यापार, व्यवसाय गरेको भए सोको विवरण र कर तिरेको प्रमाण पेश गर्नेः-**

**सम्बन्धित कर्मचारीको**

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

मितिः

**सम्वन्धित कर्मचारी कार्यरत निकायको प्रमुखको**

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

मितिः

**नोटः-** व्यापार व्यवसायको लागि नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय हुने हुँदा पूर्व स्वीकृति दिनुपर्ने औचित्य समेत खुलाई सम्बन्धित मन्त्रालयले नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्ने ।

अनुसूची -२

(दफा ५ को उपदफा (२)संग सम्वन्धित)

**निजामती सेवा ऐन, २०४९ को दफा ४९क. को उपदफा (२) को खण्ड (घ) वा (ङ) र निजामती सेवा नियमावली, २०५० को नियम ११७ बमोजिम पूर्व स्वीकृति माग गर्दा भर्नु पर्ने फाराम**

| सि.नं. | पूर्व स्वीकृति माग गर्ने कर्मचारीको नाम | हाल कार्यरत निकाय | पद/श्रेणी | सेवा, समूह र उपसमूह | पूर्व स्वीकृति माग गरिएको विषय र सोको संक्षिप्त व्यहोरा | सेवा उपलव्ध गराउने निकाय | विदेशमा भए कुन देशमा, कहिले, कुन विषय हो ? खुलाउनु पर्ने | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**पहिले पूर्व स्वीकृति प्राप्त गरी कार्य गरेको भए सोको विवरण र कर तिरेको प्रमाण पेश गर्नेः-**

**सम्वन्धित कर्मचारीकोः-**
दस्तखतः
नाम, थरः
पदः
कार्यालयः
मितिः

**सम्वन्धित कर्मचारी कार्यरत**
**निकायको प्रमुखकोः-**
दस्तखतः
नाम, थरः
पदः
कार्यालयः
मितिः

**स्वीकृति दिने अधिकारी**
दस्तखतः
नाम, थरः
पदः
कार्यालयः
मितिः

नोटः- पूर्व स्वीकृति प्रदान गर्नुपर्ने औचित्य समेत खुलाई सम्वन्धित निकायले पूर्व स्वीकृति प्रदान गर्ने निकायमा सिफारिस गर्ने ।